# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, जेष्ठ २ गते, २०८१ साल (संख्या१

भाग ३

## मधेश प्रदेश सरकार

## गृह, सञ्चार तथा कानून मन्त्रालयको

## सूचना

## मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः** मधेश प्रदेश सरकारद्वारा सञ्चारमाध्यमहरुलाई उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन अनलाइन

सञ्चारमाध्यमहरुलाई समेत उपलब्ध गराउन मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

मधेश प्रदेश सरकारले प्रदेश सञ्चार सम्बन्धी ऐन २०७७ को दफा ७१ तथा प्रदेश सञ्चार नियमावली, २०७७ को नियम ३८ ले दिएको अधिकार प्रयोग गरी "मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१ जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **<u>मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधी, २०७९ को दफा १२ मा संसोधनः</u>** मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधी, २०७९ (यस पछि मुल कार्यविधि भनिएको) को दफा १२ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ ।

"(ख) वर्गिकरण नतिजा प्राप्त नभएसम्मका लागि पत्रपत्रिकाको हकमा जिल्ला प्रशासन कार्यालय वा आमसञ्चार प्राधिकरणबाट स्थायी प्रमाणपत्र प्राप्त गरी मिडिया काउन्सिल वा अन्य आधिकारिक निकायमा वर्गिकरणमा परेको हुनुपर्नेछ र टेलिभिजन, एफ.एम. रेडियोको हकमा सञ्चारमाध्यको क्षमता, पहुँच, भौतिक पूर्वाधार, जनशक्ति समेतलाई आधार मानेर

अनुसूची १ मा उल्लेखित अधिकतम दररेटमा नबढाई विज्ञापन उपलब्ध गराइनेछ।"

३. **मूल कार्यविधिको अनुसूचीमा संशोधनः** मूल कार्यविधिको अनुसूचीमा देहाय बमोजिम संशोधन गरिएको छ।

(१) अनुसूची १ को क्र.सं. ५ को ब्रोडसिट दैनिक पत्रिकाको हकमा भन्ने पंक्ति हटाइएको छ ।

(२) अनुसूची १ को क्र.सं.७ पछि देहायको क्र.सं. ८ राखिएको छ ।

| क्र.सं. | सञ्चारमाध्यम | समय/साइज | दर/रेट | कैफियत |
|---|---|---|---|---|
| ८. | अनलाइन मिडिया | ८x१० से.मि. प्रति दिन | १,०००।- | प्रतिदिन भन्नाले २४ घण्टालाई बुझिन्छ । |

स्वीकृत मिति २०८१।०१।३१

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सचिव



गृह,सञ्चार तथा कानून मन्त्रालय,मधेश प्रदेश बाट प्रकाशित